'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ अंक : ३५ आइतवार १३ असोज, २०८१ 29 (Sunday) September 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## कर्णाली सरकारको विकास बजेट खर्च र राजस्व असुली शून्य

नमस्ते समचारदाता
सुर्खेत, असोज/१२

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षमा ३१ अर्ब ४१ करोडको बजेट ल्याएको छ। आर्थिक वर्ष सुरू भएको दुई महिनामा एक प्रतिशतपनि बजेट खर्च हुन सकेको छैन। हालसम्म शून्य दशमलव १७ प्रतिशत विकास बजेट खर्च भएको छ। साउन र भदौमा सुविधा र तलवभत्तामा मात्रै ५३ करोड ७० लाख रुपैयाँ खर्च हुँदा विकास खर्च शून्य छ। सरकारले झन्डै १ हजार ४ सय विकास योजनामा बजेट छुट्याएको छ। कर्णाली सरकार बाट हरेक वर्ष पुसभन्दा अघि अहिलेसम्म विकास बजेटको अख्तियारी गएको रेकर्ड छैन। जसका कारण बजेट खर्च प्रतिशत सधैं न्यून छ। राजस्व असुलीमा पनि प्रदेश सरकार अहिलेसम्म लक्ष्य प्राप्त गर्न सकेको छैन। चालु आर्थिक वर्षको २ महिनामा राजस्व असुली पनि शून्य नै रहेको




प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ। वर्षको अवधिमा कर्णाली सरकारले ३ अर्ब २० करोड आम्दानी जुटाउने लक्ष्य राखेको थियो। तर अहिलेसम्म २ अर्ब ७० करोड रुपैयाँ मात्र आम्दानी गर्न सकेको छ। प्रदेश सरकारले अहिलेसम्म १ खर्ब ९९ अर्ब ९१ करोडको बजेट ल्याएको छ। अहिलेसम्म ल्याएको बजेटको १.३ प्रतिशत मात्र आफूले आम्दानी गर्न सकेको हो। प्रदेशमा उठेको राजस्वले सामान्य प्रशासनिक खर्चसमेत धान्न नपुग्दा संघीय सरकारको अनुदानको भरमा बजेट चलिरहेको कामु प्रदेश लेखा नियन्त्रक दीपक मगरातीले बताए। प्रदेश सरकारलाई आफ्नो खर्च चलाउन वार्षिक ८ अर्ब रुपैयाँ अपुग छ। प्रदेश सरकारले विभिन्न २४ शीर्षकमा आन्तरिक राजस्व संकलन गर्दै आएको उनले जानकारी दिए। आम्दानीको मुख्य स्रोत सवारीसाधन, ढुंगागिट्टी र बालुवामा लाग्ने करलाई स्थानीय तहसँग समन्वय गरी सुधार गर्न सके प्रदेश सरकारले लक्ष्य भेटाउन सक्ने उनी बताउँछन्। गत आर्थिक वर्षमा कर्णाली सरकारले ८३ करोड ६२ लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएकामा ७२ करोड ५३ लाख मात्र आम्दानी गर्न सक्यो। ०७९/८० मा ७१ करोडमध्ये ६४ करोड र ०७८/७९ मा ६० करोडमध्ये ५९ करोड मात्र आम्दानी गर्न सक्यो। आर्थिक वर्ष ०७७/७८ मा भने ३० करोडको लक्ष्य लिएकामा ५० करोड रुपैयाँ आम्दानी गर्न सक्यो। बाँकी ४ पेजमा...

## कोहलपुर खानेपानीको ९ औं वार्षिक साधारण सभा सम्पन्न




नमस्ते समचारदाता
कोहलपुर, असोज/१२

बाँकेको कोहलपुर नगरपालिका ११ मा रहेको कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्था ९ औं बार्षिक साधारण सभा सम्पन्न गरेको छ। शनिबार कोहलपुर नगरपालिकाका कार्यवाहक नगर प्रमुख संगीता सुवेदीको प्रमुख अतिथ्यतामा भएको हो। कार्यक्रममा समितिका अध्यक्ष टेक नारायण भुसालको अध्यक्षतामा ९ औं बार्षिक साधारण कार्यक्रम भएको हो। कार्यक्रममा बोल्दै कार्यवाहक नगर प्रमुख सुवेदीले जनताको घरघरमा स्वच्छ र सफा पानी उपलब्ध गर ाउन निरन्तर लागि परेको बताइ। साथै कोहलपुर नगरपालिकामा खानेपानी समस्या भएको भन्दै यसको चाडै निकास निकाल्नु पर्ने बताईन। सो साधारण सभामा बोल्ने बक्ताहरुले कोहलपुर क्षेत्रको खानेपानीको समस्या समधानका लागी दिर्घकालिन उपाय खोज्नु पर्ने बताए। कोहलपुरमा लामो समय देखि खानेपानी समस्या देखिएको हुनाले सबै एकजुट हुनु पर्ने बताए। खानेपानीमा राजनितिक द्धन्द्ध मचाई जनतालाई स्वचछ र सफा खानेपानी पुऱ्याउनेमा बाधा अट्चना गर्न कोही कसैको छुट नभएको कार्यवाहक नगर प्रमुख सुदेदीले बताइन। यस्तै नेपाली काँग्रेसका जिल्ला सभापति नारायण गौडेल, नेकपा माओवादी केन्द्रका बाँकेका अध्यक्ष रुद्र सुवेदी नेकपा एमाले जिल्ला सचिब संयोजक बलराम भट्टराई लगायत अन्य दलका नेताहरुले आफ्नो भनाई राखेका थिए। यस्तै कार्य समितिको तर्फबाट अध्यक्षद्धारा प्रतिवेदन सचिबद्धारा संस्थाको आ.व २०८०/८१ को प्रगति प्रतिवेदन तथा २०८१/८२ को प्रस्तावित कार्यक्रम र कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरिएको थियो।

## नेकपा एमालेद्वारा १ सय ५३ प्वाइन्ट रगत संकलन

नमस्ते समचारदाता
कोहलपुर, असोज/१२

नेकपा एमाले क्षेत्र नम्बर १ समन्वय कमिटीको आयोजनामा कोहलपुरमा बृहत रक्तदान कार्यक्रम सम्पन्न भएको छ। एमाले नेता महेश बस्नेतको प्रमुख आतिथ्यतामा रक्तदान कार्यक्रम सम्पन्न भएको हो। एमाले जिल्ला कमिटी सदस्य सुर्य रोकायका अनुसार रक्तदान कार्यक्रममा १ सय ५३ जना रक्तदाताहरुले रक्तदान गरेका थिए। उक्त कार्यक्रममा भएको सांसद सुर्य ढकालसहितले रक्तदान गरेको उनले बताए। उक्त अवसरमा बोल्दै नेता बस्नेतले रक्तदान जीवन भएको बताए। उनकन अनुसार रगत अभाव हुन नदिनको लागि यस्ता किसिमका कार्यक्रम भइरहनुपर्छ। सांसद सुर्य ढकालले रक्तदान कार्यक्रम एमाले क्षेत्रीय कमिटी संयोजक कुस्माखर बस्यालको अध्यक्षतामा भएको रक्तदाताहरुलाइ प्रमाणपत्र प्रदान गरिएको थियो। रक्तदान कार्यक्रममा एमाले केन्द्रिय सदस्य एव जिल्ला इन्चार्ज शान्ती ढकाल, एमाले नेता एव संविधान सभा सदस्य देभराज भार, जिल्ला सचिब बलराम भट्टराई लगायत नेता कार्यकर्ताको सहभागिता रहेको थियो।




नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवहान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८७७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

# 'धर्म, दर्शन र शिक्षाको मूल्य

**प्राडा शोभाखर कँडेल**

शिक्षामा मूल्य भनेको 'शिक्षाको गुणस्तर, प्रभावकारिता र यसको समाजमा पर्ने सकारात्मक प्रभावलाई जनाउने मापदण्ड हो। के आजको शिक्षाले मानव समाजमा सकारात्मक प्रभाव पारेको छ त ? नैतिकताको पाठ सिकाएको छ त ? के आजका जनशक्तिमा सकारात्मक सोचको विकास भएको छ त ? के राजनीति, के व्यवसाय, के शिक्षा जगत, के समाज सेवा सबैमा सकारात्मक प्रभाव देखिन्छ त ? यी पक्षहरूलाई हाम्रा मुख्य चार धर्ममा आधारित भएर केलाउने प्रयास गरिएको छ। हिन्दु दर्शनमा शिक्षालाई आत्मज्ञान प्राप्त गर्ने साधनका रूपमा लिइएको छ। यो केवल बौद्धिक ज्ञान मात्र नभई आत्मा, ब्रह्माण्ड, र जीवनको गहिरो रहस्यहरूको खोज हो। शिक्षा व्यक्तिको सम्पूर्ण विकासका लागि आवश्यक मानिन्छ। शिक्षकलाई गुरुको रूपमा सम्मान गरिन्छ। गुरुलाई ज्ञानको स्रोत र मार्गदर्शक मानिन्छ। हिन्दु परम्परामा गुरुबिना ज्ञान प्राप्ति असम्भव मानिन्छ। गुरु-शिष्य परम्परा हिन्दु शिक्षाको आधारभूत तत्व हो। शिष्यले गुरुबाट ज्ञान प्राप्त गर्न श्रद्धा, समर्पण, र अनुशासनको पालना गर्नु पर्छ। विद्यार्थीले गुरुको निर्देशनमा चल्नु पर्छ र ज्ञानको खोजमा निरन्तर प्रयास गर्नु पर्छ। वास्तवमा हिन्दु दर्शनमा शिक्षा, शिक्षक र विद्यार्थीको सम्बन्धलाई अत्यन्त पवित्र र महत्वपूर्ण मानिन्छ। बुद्ध दर्शनमा मुख्यतया चार आर्यसत्य र अष्टांगिक मार्गमा आधारित भएर जीवनको दुःख र त्यसको समाधानको बारेमा बताइन्छ। शिक्षा केवल ज्ञान प्राप्ति मात्र नभई नैतिक र आध्यात्मिक विकासको माध्यम पनि हो। बुद्धले शिक्षा प्रणालीमा नैतिक र आध्यात्मिक मूल्यमा जोड दिनुभएको थियो। बुद्धका अनुसार, विद्यार्थीले अनुशासन, ध्यान, र प्रज्ञामा ध्यान दिनु पर्छ। उहाँले विद्यार्थीलाई सत्यको खोज गर्न, अनुभवबाट सिक्न र कुनै पनि कुरा अन्धविश्वासको आधारमा नस्वीकार्न सल्लाह दिनुभएको थियो। शिक्षाले शीलः नैतिक आचरण र अनुशासन, समाधिः ध्यान र मानसिक एकाग्रता र प्रज्ञाः ज्ञान र बुद्धिमत्तालाई महत्वका साथ लिएको पाइन्छ। इस्लाममा शिक्षा, शिक्षक र विद्यार्थीको महत्वलाई उच्च स्थानमा राखिएको छ। शिक्षा अनिवार्य मानिन्छ। शिक्षा प्राप्त गर्न सबैलाई प्रेरित गर्दै भनिएको छ कि 'ज्ञानको खोजी गर्नु प्रत्येक मुस्लिम पुरुष र महिलाको कर्तव्य हो।' शिक्षकलाई इस्लाममा उच्च सम्मान दिइन्छ। शिक्षकलाई मार्गदर्शक र ज्ञानको स्रोत मानिन्छ। एक हदिसमा भनिएको छ, 'शिक्षकहरूलाई सम्मान गर, किनकि उनीहरू ज्ञानको दीपक हुन्।' विद्यार्थीलाई इस्लाममा ज्ञानको खोजीमा लाग्न प्रोत्साहित गरिन्छ। विद्यार्थीलाई धैर्य, अनुशासन र आदर को साथ अध्ययन गर्न प्रेरित गरिन्छ। शिक्षकले विद्यार्थीलाई ज्ञान दिन्छन् र विद्यार्थीले शिक्षकलाई आदर र सम्मान दिन्छन्। यसरी, शिक्षा, शिक्षक र विद्यार्थीको त्रिकोणले समाजमा ज्ञानको प्रसार र विकासमा महत्वपूर्ण भूमिका खेल्छ। बाइबलमा शिक्षक र विद्यार्थीको सम्बन्धलाई धेरै महत्वपूर्ण मानिएको छ। यो सम्बन्धलाई अनुशासन, शिक्षा, र मार्गदर्शनको माध्यमबाट व्याख्या



प्राडा शोभाखर कँडेल



**आजको शिक्षाले मूल्य मान्यतालाई ग्रहण गरेको छ त ? विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रमले शिक्षामा मूल्य सिकाउन सकेको छ त ? राजनीति, व्यापार, शिक्षा, संवैधानिक वा गैरसंवैधानिक सङ्घ संस्था, सामाजिक सङ्घ संस्था सबैमा भ्रष्टाचारको गन्ध नआएको कमै पाइन्छ। ज्ञानको खोजी, श्रद्धा, समर्पण, अनुशासन, नैतिकता, सत्यको खोजी, धैर्य, आदर, सम्मान नैतिक आचरणको खडेरी परेको पाइन्छ।**

गरिएको छ। उदाहरण दिँदै भनिएको छ। कि शिक्षकलाई विद्यार्थीलाई सही मार्गमा लैजान र उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउन प्रेरित गर्ने व्यक्तिको रूपमा चित्रण गरिएको छ। शिक्षकले विद्यार्थीलाई ज्ञान र बुद्धि प्रदान गर्नु पर्छ, जसले गर्दा विद्यार्थीले जीवनमा सही निर्णय लिन बाइबलमा अनुशासनलाई पनि महत्वपूर्ण मानिएको छ। 'जसलाई यहोवाले प्रेम गर्नुहुन्छ, उसलाई अनुशासन दिनुहुन्छ।' यसले देखाउँछ कि अनुशासन प्रेमको अभिव्यक्ति हो र यसले विद्यार्थीलाई सही मार्गमा राख्न मद्दत गर्छ। बाइबलमा विद्यार्थीको बारेमा भनिएको छ 'ज्ञान प्राप्त गर, यो सबैभन्दा महत्वपूर्ण कुरा हो। 'हे मेरो छोरा, तिम्रो पिताको निर्देशनलाई सुन र तिम्री आमाको शिक्षालाई अस्वीकार नगर।' त्यसै गरी शिक्षणलाई एक पवित्र कार्यको रूपमा लिँदै भनिएको छ, तिमीले सत्यको वचनलाई सही रूपमा व्याख्या गर्न सक्षम हुनु पर्छ। शिक्षकहरूलाई उच्च सम्मान दिइएको छ र भनिएको छ, 'हामी शिक्षकहरू धेरै कडा न्यायमा पर्ने छौँ।' यसले शिक्षकहरूको जिम्मेवारी र महत्वलाई देखाउँछ। यी चारै धर्मका दर्शनमा शिक्षा, शिक्षक र विद्यार्थी सम्बन्धको बारेमा स्पष्ट मार्ग दर्शन गरिएको छ। हिन्दु धर्ममा ज्ञान प्राप्त गर्न श्रद्धा, समर्पण र अनुशासनको पालना ज्ञानको खोजमा निरन्तर प्रयास गर्नु पर्ने उल्लेख छ भने शिक्षा, शिक्षक, र विद्यार्थीको सम्बन्धलाई पवित्र र महत्वपूर्ण मानिएको छ। त्यसै गरी बुद्ध धर्ममा शिक्षा केवल ज्ञान प्राप्ति मात्र नभएर नैतिक र आध्यात्मिक मूल्यहरूका साथ विद्यार्थीले अनुशासन, ध्यान, सत्यको खोजी नैतिक आचरण र अनुशासनलाई महत्वका साथ लिएको छ। इस्लाम धर्ममा पनि ज्ञानको खोजी, धैर्य, अनुशासन, आदर, सम्मानलाई महत्व दिइएको छ। शिक्षकले विद्यार्थीलाई ज्ञान दिन्छन् र विद्यार्थीले शिक्षकलाई आदर र सम्मान दिन्छन्। शिक्षा, शिक्षक र विद्यार्थीको त्रिकोणले समाजमा ज्ञानको प्रसार र विकासलाई महत्व दिइएको छ। त्यसै गरी इसाई धर्ममा पनि शिक्षाले सही मार्ग, जीवनमा सकारात्मक परिवर्तन, जीवनमा सही निर्णय लिन सक्ने, प्रेम, अनुशासन, पिताको निर्देशन, आमाको शिक्षालाई अस्वीकार नगर्ने र सबैलाई सम्मान गर्ने उपदेश दिइएको छ। अब प्रश्न उठ्छ के आजको शिक्षाले यी मूल्य मान्यतालाई ग्रहण गरेको छ त ? विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रमले शिक्षामा मूल्य सिकाउन सकेको छ त ? राजनीति, व्यापार, शिक्षा, संवैधानिक वा गैरसंवैधानिक सङ्घ संस्था, सामाजिक सङ्घ संस्था सबैमा भ्रष्टाचारको गन्ध नआएको कमै पाइन्छ। ज्ञानको खोजी, श्रद्धा, समर्पण, अनुशासन, नैतिकता, सत्यको खोजी, धैर्य, आदर, सम्मान नैतिक आचरणको खडेरी परेको पाइन्छ। रातारात धन आर्जन, जसरी पनि शक्तिशाली बन्ने लालसा बढेको पाइन्छ। माया, दया, परोपकार, सहकार्य, सहअस्तित्वलाई स्वीकार गर्ने संस्कृति क्रमशः हराउँदै गएको छ। स्वदेशको माया, त्याग, बलिदान, देश निर्माण र वसुधैव कुटुम्बकमको भावना हराएर स्वदेशप्रतिको नकारात्मक सोच र वैदेशिक पलायनको बाटो रोज्न थालिएको छ। अब प्रश्न उठ्छ शिक्षा, शिक्षक र विद्यार्थीको त्रिकोणात्मक सम्बन्धले समाजमा ज्ञानको प्रसार र विकासलाई महत्व दिइएको छ त ! शिक्षाले सही मार्ग दर्शन, जीवनमा सकारात्मक परिवर्तन, जीवनमा सही निर्णय लिन सक्ने वातावरण सिर्जना गरेको छ त ! पिताको निर्देशन, आमाको शिक्षा, गुरुको मार्गदर्शन, ठुलाबडा अर्ति उपदेशले समाजको सकारात्मक रूपान्तरण गरेको भए यो अवस्था आउने थियो त ? शिक्षा जीवनसँग जोडिएको भए यो अवश्था आउने थियो त ! शिक्षाले जीवन निर्वाह गर्ने बाटो देखाएको भए श्रद्धा, समर्पण, अनुशासन, नैतिकता, सत्यको खोजी, धैर्य, आदर, सम्मान नैतिक आचरण स्थापित गरेको भए आजको स्थिति आउने थियो त भन्ने सवाल समाधान गर्न अबको शिक्षामा के कस्ता विषयवस्तु समावेश गर्न पर्ला भनेर समीक्षा गर्ने प्रयास गरिएको छ। विद्यार्थीमा ज्ञान, विज्ञान, सिप र अभिवृत्ति विकास र प्रयोग, र श्रम बजारमुखी व्यावसायिक, लिवरल आर्टसम्बन्धी बहुमुखी शिक्षाका अतिरिक्त नैतिकता, आदर र सम्मान जस्ता गुण सिकाउने मानव मूल्य शिक्षा, समाजमा कसरी राम्रो नागरिक बन्ने भन्ने कुरा सिकाउन समाजशास्त्र र नैतिक शिक्षा, श्रद्धा र समर्पण जस्ता गुणहरू विकास गर्न धार्मिक र आध्यात्मिक शिक्षा, धैर्य र सत्यको खोजीमा मद्दत पुऱ्याउन आत्म-प्रतिबिम्बन, ध्यान र अनुशासन र धैर्यलाई प्रोत्साहित गर्न सकारात्मक सोच र मानसिक स्वास्थ्य शिक्षाको आवश्यकता देखिन्छ। शिक्षा, शिक्षक, विद्यार्थी र समाज चौकोणात्मक सम्बन्ध जोड्ने शिक्षाको आवश्यक देखिन्छ।

*–गोरखापत्र*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

# कोहलपुर बृहत शहरी खानेपानी उपभोक्ता संस्थाको ९ औँ बार्षिक साधारण सभाका केही फोटोफिचर

































# पर्यटनबाट लुम्बिनीलाई आत्मनिर्भर बनाइने



**नमस्ते समचारदाता**
बुटवल, असोज/१२

लुम्बिनी प्रदेश सरकारले पर्यटनका माध्यमबाट प्रदेशलाई आत्मनिर्भर बनाउने अवधारणा अघि सारेको छ। विश्व पर्यटन दिवसका अवसरमा मुख्यमन्त्री चेतनारायण आचार्यले आज दिएको शुभकामना सन्देशमा लुम्बिनीलाई आत्मनिर्भर प्रदेशका रूपमा विकास गर्न 'घुमौँ लुम्बिनी'को अवधारणा कार्यान्वयन गरिने बताए । प्रदेश सरकारले स्थानीय उत्पादन बढाएर त्यसमा नागरिकलाई जोड्ने र पर्यटनसँग केन्द्रित गरेर आयआर्जनका अवसर सिर्जना गर्ने योजनालाई पूरा गर्न घुमौँ लुम्बिनीको अवधारणा अघि बढाएको हो । मुख्यमन्त्री आचार्यले 'घुमौँ लुम्बिनी' भन्ने मान्यता प्रदेश सरकारले स्थापित गर्न खोजेको भन्दै पर्यटनबाट नै नागरिकलाई स्वरोजगार बनाउन सकिने उल्लेख गरेका छन् । नागरिकको जीवनस्तर उठाउने एउटा आधारका रूपमा प्रदेश सरकारले पर्यटन क्षेत्रलाई लिएको सन्देशमा उनले उल्लेख गरेका छन् । लुम्बिनी भ्रमणमा आउने पर्यटकलाई १२ जिल्लाका महत्वपूर्ण पर्यटकीय स्थलमा पुर्‍याउन लुम्बिनी पर्यटन परिपथ बनाउनेगरी सरकारले काम थालेको बताउँदै उनले सन्देशमा भनेका छन्, 'लुम्बिनी भूगोलमा विविधतायुक्त प्रदेश हो । हिमाल, पहाड र समथर भूभाग अनि अन्नको भण्डार पनि यहीँ छ ।'

## कर्णाली...

सुरुको वर्ष ०७४/७५ मा लक्ष्य र राजस्व असुली दुवै शून्य थियो भने ०७५/७६ मा ५० करोडको लक्ष्यमध्ये ७ करोड र ०७६/७७ मा २५ करोडमध्ये २३ करोड रुपैयाँ आम्दानी गरेको लेखा नियन्त्रक कार्यालयले जनाएको छ । 'गत आर्थिक वर्षमा ३३ अर्ब ३७ करोड बजेट ल्याएकामा ६० प्रतिशत मात्र खर्च गर्न सक्यो । त्यस्तै आर्थिक वर्ष ०७९/८० मा ३२ अर्ब ६१ करोडमध्ये ६४, ०७८/७९ मा ३६ अर्ब ५४ करोडमध्ये ६२, ०७७/७८ मा ३३ अर्ब ७४ करोडमध्ये ६५ र ०७६/७७ मा ३४ अर्ब ३६ करोडमध्ये ४८ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको थियो । त्यसभन्दा अघिल्ला वर्षमा झन् त्यसभन्दा कम ०७५/७६ मा २८ अर्ब २८ करोडमध्ये ३६ र ०७४/७५ मा १ अर्ब २ करोडमध्ये ७ प्रतिशत मात्र बजेट खर्च गर्न सकेको छ । कर्णालीमा सधैं असारे विकास हुँदा जनताले विकासको अनुभूति गर्न नसकेको पूर्वसहसचिव खम्बप्रसाद थानीले बताए । विकास बजेट खर्च र राजस्व संकलन बढाउन कार्ययोजना निर्माणको काम भइरहेको आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले बताए । 'विगतका सरकारले गरेका गल्ती सच्याएर जतिसक्दो विकास बजेट खर्च गर्ने र राजस्व संकलनलाई पनि प्रभावकारी बनाउन खोजेका छौं,' उनले भने, 'दसैं - तिहारपछि कार्ययोजनाअनुसार विकास निर्माणका काम धमाधम सुरु हुन्छन् ।'




# देशभर विपदमा परी ६६ जनाको मृत्यु, ७९ जना बेपत्ता

**नमस्ते समचारदाता**
काठमाडौं, असोज/१२



तीन दिनदेखिको अविरल वर्षापछि आएको बाढी, पहिरो र डुबानमा परेर अहिले साँझसम्म ६६ जनाको मृत्यु भएकोछ । सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयले दिएको जानकारी अनुसार साँझ ५ बजेसम्ममा देशभर गरेर ६६ जनाको मृत्यु भएको र अन्य ७९ जना बेपत्ता भएका छन् । हालम्म विपत्ता परेर ३५ जना घाइते भएका सशस्त्र प्रहरीका प्रवक्ता, सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले जानकारी दिए । उनका अनुसार उपत्यकामा मात्रै ३४ जनाको मृत्यु भएको छ । काठमाडौँमा ११, भक्तपुरमा ५ र ललितपुरमा १८ जनाको मृत्यु भएको हो । यस्तै पाँचथरमा ५, धनकुटामा २, सोलुखुम्बुमा २, सुनसरीमा १, काभ्रेमा १४, धादिङमा १, सिन्धुपाल्चोकमा ४, दोलखामा ३ जनाको मृत्यु भएको छ । ललितपुरमा १५, काभ्रेमा २६, काठमाडौँमा ६, मकवानपुरमा ७, दोलखामा ३, झापामा ४, पाँचथरमा ५, सिन्धुपाल्चोकमा ५ जना तथा अन्य जिल्लासहित गरेर ७९ जना बेपत्ता रहेका पनि उनले बताए । अहिलेसम्म २ हजार बढीको उद्धार गरिएको छ । दुई सयभन्दा बढी घर क्षति भएको पनि जनाइएको छ । नेपाल प्रहरीका सहप्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले सुरक्षा निकाय तथा उद्धारमा संलग्न सङ्घसंस्थाको सहकार्यमा अहिले पनि उद्धार जारी रहेको जानकारी दिए । उनका अनुसार नेपाल प्रहरीबाट १० हजार बढी सुरक्षाकर्मी उद्धारमा परिचालन गरिएको छ । सोही हाराहारीमा सशस्त्र प्रहरीले पनि टोली परिचालन गरेको छ।

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र अमेरिकाको वन वर्नहार्ट वर्ल्डवाइडबीच मातृ–शिशु स्वास्थ्य सहकार्य सम्झौता

**नमस्ते समचारदाता**
अमेरिका, असोज/१२



कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र संयुक्त राज्य अमेरिकाको वन वर्नहार्ट वर्ल्डवाइडबीच मातृ-शिशु स्वास्थ्यमा सहकार्य गर्ने विषयमा सम्झौता भएको छ । नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा प्रतिष्ठान र वर्ल्डवाइडबीच मातृ-शिशु स्वास्थ्यमा सहकार्य गर्ने विषयमा सम्झौता भएको हो । सम्झौतामा वर्नहार्टका तर्फबाट डा क्रिस्टिना भे सेन्गर र प्रतिष्ठानका तर्फबाट उपककुलपति डा मंगल रावलबीच हस्ताक्षर भएको हो । संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा भाग लिएर शनिबार अमेरिकाको न्युयोर्कबाट बोस्टन आइपुगेका प्रधानमन्त्री ओलीले हावर्ड विश्वविद्यालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गरेपश्चात् उक्त सम्झौता भएको थियो । सम्झौताअनुसार मातृ-शिशु स्वास्थ्यमा प्रतिष्ठानमार्फत योगदान गर्न ग्रामीण स्वास्थ्य फेलोसिपलगायतका कार्यक्रममा सहकार्य गर्ने उल्लेख छ । यस्तै धनयोगा फाउण्डेशन र प्रतिष्ठानबीच पनि सम्झौता भएको उपकुलपति रावलले जुम्ला दर्पणले बताए । उनका अनुसार सम्झौता अनुसार प्रतिष्ठानले डाइबिटिज केन्द्र स्थापना गर्ने सहमति भएको छ । हावर्ड विश्वविद्यालयमा नेपालको कार्यकारी प्रमुखको पहिलो पटक भ्रमण र सम्बोधन भएको जनाइएको छ । सम्बोधनपछि नेपाली समुदायका चिकित्सकसँग अन्तरक्रिया गर्दै प्रधानमन्त्री ओलीले नेपालको स्वास्थ्य क्षेत्रमा सुधारका साथै निरोगी नेपाल अभियानलाई सघाउन आग्रह गरे । विश्वविद्यालयको अन्तर्राष्ट्रिय विकास प्रमुख प्रा डा माइकल फ्युटले नेपालको प्रधानमन्त्री विश्वविद्यालयमा पहिलो पटक आइपुग्दा आफूहरु मा पनि उत्साह पैदा भएको बताए ।

# पहिरोमा परी गर्भवतीसहित कालिकोटका ३ जनाको मृत्यु

**नमस्ते समचारदाता**
कालिकोट, असोज/१२

भक्तपुरको पसालेमा पहिरोले टहरो पुरिँदा एक गर्भवती सहित कालिकोटका ३ जनाको मृत्यु भएको छ । सशस्त्र प्रहरी बलका अनुसार शनिबार बिहान साढे दश बजे अविरल वर्षाको कारण माथिबाट पहिरो खसेर टहरो बगाउँदा उनीहरूको मृत्यु भएको हो । मृत्यु हुनेमा कालिकोट स्थायी घर भएकी २४ वर्षीया दमिला शाही, ४ वर्षीया छोरी प्रिया बम, १४ वर्षीया मनिषा शाही छन् । दमिला गर्भवती अवस्थामा थिइन् । कालीकोटका उनीहरू जग्गा भाडामा लिइ टहरो बनाएर बसेका थिए ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
;Dks{M*$&@^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके